# संस्थागत विद्यालय सञ्चालन तथा व्यवस्थीत गर्न वनेको कार्यविधि - २०७५

**प्रस्तावना:**
राष्ट्रिय विकासको लागि आवश्यक जनशक्ति तयार गर्न संघीय लोकतान्त्रीक गणतन्त्रात्मक व्यवस्था अनुकुल सर्वसाधारण जनताको सदाचार, शिष्टाचार र नैतिकता कायम राख्न गाऊपालिका भित्र स्थापना हुने तथा स्थापना भई सञ्चालन भईरहेको संस्थागत विद्यालयको व्यवस्थापनमा सुधार गर्दै गुणस्तरयुक्त शिक्षाको विकास गर्न वाञ्छनीय भएकोले पञ्चकन्या गाऊपालिकामा संस्थागत विद्यालय सञ्चालन तथा व्यवस्थीत गर्न यो कार्यविधि तयार पारिएको हो ।

**संक्षिप्त नाम, विस्तार र प्रारम्भ:**

१) यस कार्यविधिको नाम - संस्थागत विद्यालय सञ्चालन तथा व्यवस्थीत गर्न वनेको कार्यविधि - २०७५ रहेको छ ।
यो कार्यविधि पञ्चकन्या गाऊपालिका भित्र रहने संस्थागत विद्यालयहरुको हकमा लागु हुनेछ ।
यो कार्यविधि पञ्चकन्या गाऊपालिका, गाऊ कार्यपालिकाको वैठकले अनुमोदन एवं स्वीकृत गरेको दिन देखि गाऊपालिका भित्रको क्षेत्रमा लागु हुनेछ ।

**परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-**

क) प्रारम्भिक बाल शिक्षा भन्नाले चार वर्ष उमेर पुरा गरेको बालवालिकालाई एक वर्षको प्रारम्भिक बाल शिक्षा दिने विद्यालय सम्झनुपर्छ ।
ख) प्राथमिक शिक्षा भन्नाले कक्षा एक देखि कक्षा पाँच सम्म दिईने शिक्षा सम्झनुपर्छ ।
ग) आधारभुत शिक्षा भन्नाले प्रारम्भिक वाल शिक्षा देखि कक्षा आठ सम्म दिईने शिक्षा सम्झनुपर्छ ।
घ) संस्थागत विद्यालय भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ ।
ङ) शैक्षिक गुठी भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक गुठी वा निजी गुठी सम्झनुपर्छ ।

**१. सञ्चालन अनुमती तथा स्वीकृती सम्वन्धमा :**

कुनै नेपाली नागरिकले संस्थागत विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई गाउँ शिक्षा समितिमा अनुमतिका लागि अनुसुची १ बमोजिमको ढांचामा निवेदन दिनु पर्नेछ । यो कार्यविधि प्रारम्भ हुदांका वखत कम्पनिको रुपमा सञ्चालनमा रहेको विद्यालयले चाहेमा कम्पनि खारेज गरी शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न गाऊ शिक्षा समितिमा निवेदन दिन सक्नेछ ।
तर, माथी जुनसुकै कुरा लेखिएको भएता पनि देहायका विद्यालयलाई शैक्षिक गुठीको रुपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिईने छैन ।

क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएको विद्यालय
ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय ।
ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दान दातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय ।

**२. शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहायका कुरामा अनिवार्य देहाय बमोजिम गर्नुपर्नेछ ।**

क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक (ट्रष्टी) संगठित संस्थाको रुपमा हुनु पर्ने ।
ख) शैक्षिक गुठी सञ्चालन गर्दा सञ्चालक बोर्डमा सार्वजनिक गुठी भए कम्तीमा पाँच जना र निजी गुठी भए कम्तीमा तीनजना सदस्य हुनु पर्ने,
ग) शैक्षिक गुठीको आय व्ययको लेखा तोकिए बमोजिम खडा गरी मान्यता प्राप्त लेखापरिक्षकबाट लेखापरिक्षण गराउनु पर्ने,
घ) शैक्षिक गुठीको तत्काल कायम रहेका गुठीका सञ्चालकले आफ्नो जीवनकालमै वा शेष पछि गुठीयारको रुपमा काम गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्ने ।
तर, सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा गाउँ शिक्षा समितिको समेत स्वीकृति लिनु पर्नेछ ।

कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा तोकिएको अधिकारीबाट स्वीकृति लिई सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न सक्नेछ ।

## ३. विद्यालय खोल्नको लागि पुरा गर्नु पर्ने पुर्वाधारः

विद्यालय खोल्नको लागि अनुसुचि ३ बमोजिमको पुर्वाधार तयार गरेको हुनुपर्नेछ ।

क) कक्षा कोठाहरु सामान्यतया नौ फिट उचाईको र घाम  तथा पानीबाट बचाउ हुने किसिमको हुनु पर्ने,

ख) कक्षागत क्षेत्रफल पुर्व प्राथमिक र प्राथमिक विद्यालयको हकमा प्रति विद्यार्थी ०.७५ वर्ग मिटर भन्दा कम नहुने ।

ग) अध्यापन गराईने कक्षा कोठामा हावाको प्रवाह, प्रकाशको व्यवस्थाको साथै स्वस्थ हुनु पर्ने ।

घ) कक्षा कोठामा विद्यार्थी संख्याको आधारमा फर्निचरको व्यवस्था हुनु पर्ने ।

ङ) यथेष्ट स्वस्थकर खानेपानीको प्रवन्ध गर्नुपर्ने ।

च) छात्र र छात्राको शौचालय फरक फरक हुनुपर्ने ।

छ) पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका सहितको १ विद्यार्थी बरावर कम्तीमा २ प्रतिका दरले पुस्तक उपलब्ध भएको पुस्तकालय हुनुपर्ने ।

ज) शिक्षण क्रियाकलापको लागि आवश्यकीय शैक्षिक सामग्रीहरु जस्तै कालोपाटी, नक्सा, ग्लोव, गणीतिय सामग्री आदी हुनुपर्ने ।

झ) सम्पुर्ण विद्यार्थी एकै साथ उभिन सक्ने कम्पाउण्ड हुनुपर्ने ।

ञ) घर वाहिरको खेल खेल्न यथेष्ट स्थान भएको खेल मैदान हुनुपर्ने ।

ट) पाठ्यक्रम अनुसारको विज्ञान सामग्रीको व्यवस्था हुनु पर्ने ।

ठ) संस्थागत विद्यालयमा सामान्यतया प्रतिकक्षा न्युनतम बाईस, अधिकतम् चौवालिस र औषत तेत्तिस विद्यार्थी हुनुपर्ने ।

ड) संस्थागत विद्यालयमा कक्षा शिक्षक अनुपात न्युनतम १:१.४ हुनु पर्नेछ ।

ढ) आवासीय विद्यालयको लागि आवास भवन छुट्टै हुनुपर्ने ।

ण) विद्यालयमा प्राथमिक उपचार सामग्रीको व्यवस्था हुनु पर्ने ।

त) विद्यालयको हाता कम्पाउण्डले घेरिएको हुनुपर्ने ।

थ) भाडाको भवनमा विद्यालय सञ्चालन गर्ने भए कम्तीमा पाँच वर्षको घर भाडा सम्वन्धी सम्झौता भएको हुनुपर्ने ।

द) विद्यालयको पुर्वाधार बाल मैत्री एवं अपांग मैत्री भएको हुनुपर्ने ।

## ४. विद्यालय खोल्न अनुमती दिनेः

क) विद्यालय खोल्ने सम्वन्धमा नियम ...... बमोजिमको निवेदन परेमा गाऊ शिक्षा समितिले प्राप्त कागजात जाचँबुझ गर्नेछ र जाचँबुझ गर्दा त्यसरी खोलिने विद्यालयको लागि नियम ..... बमोजिमको पुर्वाधार पुरा भएको देखिएमा विद्यालय खोल्न शैक्षिक शत्र शुरु हुनुभन्दा तिस दिन अगावै अनुसुची ... बमोजिमको ढाँचामा समितिले अनुमति दिनेछ ।

## ५. विद्यालयले पालना गर्नुपर्ने शर्तहरुः

यस कार्यविधिमा लेखिएको वाहेक विद्यालयले पालना गर्नुपर्ने शर्तहरु देहाय बमोजिम हुनेछ ।

क) नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तक लागु गर्नु पर्ने ।

ख) पाठ्यक्रम विकास केन्द्रको स्वीकृति विना थप पाठ्यपुस्तक तथा पाठ्यसामग्री प्रयोग गर्न नहुने । तर अतिरिक्त पाठ्यक्रम राख्न चाहेमा गाऊ शिक्षा समितिको पुर्व स्वीकृतिमा राख्न सकिने ।

ग) राष्ट्रियताप्रति आँच आउने पाठ्य सामग्री भएको पाठ्यपुस्तक विद्यालयमा अध्यापन गर्न, गराउन नहुने ।

घ) नेपाल सरकारले तोकेको न्युनतम तलव रकममा नघटाई शिक्षक तथा कर्मचारीलाई तलव दिनुपर्ने ।

ङ) अभिभावकको वार्षिक भेला गराई विद्यालयको आय व्यय, शैक्षिक उपलब्धि र आगामी शैक्षिक सत्रको कार्यक्रमको नियमित जानकारी गराउनु पर्ने,

चं) नेपालको राष्ट्रिय एकता, सार्वभौमिकता तथा धार्मिक सहिष्णुतामा खलल पार्ने कुनै पनि क्रियाकलाप विद्यालयमा हुन नदिने ।

झ) विद्यालयमा तोकिएको शिक्षक संख्यामा तोकिएको संख्यामा नघट्ने गरी प्रचलित कानुन बमोजिम योग्यता पुगेको नेपाली नागरिकलाई शिक्षकको व्यवस्था गर्नुपर्ने । विदेशी नागरिकको हकमा कार्य स्वीकृती (Work Permit) लिएको हुनुपर्ने ।

ञ) विद्यालयमा अतिरिक्त क्रियाकलाप तथा अन्य कार्यक्रम सञ्चालन गर्नुपर्ने ।

ट) विद्यालय तथा छात्रवासमा स्वस्थकर र नैतिक चरित्र निर्माणको वातावरण कायम गर्न आवश्यक व्यवस्था मिलाउने

ठ) गाऊ शिक्षा समितिले दिएको निर्देशन अनुरुप काम गर्नुपर्ने ।

ड) बुदां ..... बमोजिमको पुर्वाधार कायम राख्नु पर्ने ।

ढ) गाऊ शिक्षा समितिले तोकेको ढाचांमा विद्यालयको शैक्षिक तथ्यांक तयार गरी गाऊ शिक्षा समितिमा पेश गर्नुपर्ने ।

## ६. सञ्चालन भईरहेका विद्यालयको स्वीकृति सम्वन्धी व्यवस्थाः

क) यो कार्यविधि प्रारम्भ भएको वखत संस्थागत विद्यालयको रुपमा सञ्चालन भईरहेको विद्यालयले कार्यविधिले तोकेको म्याद भित्र सो विद्यालय कम्पनिमा सञ्चालन गर्ने भए कम्पनिमा दर्ता भएको प्रमाणपत्र र शैक्षिक गुठीको रुपमा सञ्चालन गर्ने भए तत्सम्वन्धी विधान दर्ता भएको निस्सा समेत संलग्न गरी अनुसुची १० बमोजिमको ढांचामा गाऊ शिक्षा समिति समक्ष निवेदन दिनुपर्नेछ ।

ख) निवेदकको कागजात ठिक भए नभएको जांचवुझ गरी अनुसुची ११ बमोजिमको ढांचामा स्वीकृति दिनेछ ।

## ७. धरौटि वारेः

क) विद्यालय खोल्ने अनुमति लिंदा विद्यालयको सञ्चालनको सुरक्षण वापत देहाय बमोजिमको रकम धरौटीको रुपमा विद्यालय कै नाममा मुद्दती खातामा राख्नुपर्नेछ । सो मुद्दती खाता गाऊपालिकाले तोकि दिएको बैंकमा राख्नुपर्नेछ । सो खाता गाऊ शिक्षा समितिले रोक्का राख्नेछ र सो बाट प्राप्त भएको व्याज विद्यालयले सञ्चालन खर्चको रुपमा खर्च गर्न पाउने छ । उल्लेखित मुद्दती खाता भने विद्यालय व्यवस्थापन समितिले तोकेको व्यक्ति र गाऊ शिक्षा समितिले तोकेको कर्मचारीको सयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

**आधारभुत तह (कक्षा ३ सम्म)**

| | | |
|---|---|---|
| संस्थागत विद्यालय | -कम्पनि | रु. १००,०००।- |
| संस्थागत विद्यालय | -शैक्षिक गुठी | रु. ५०,०००।- |

## ८. शैक्षिक गुठी सम्वन्धी व्यवस्थाः

क) शैक्षिक गुठीको रुममा विद्यालय सञ्चालन गर्न चाहनेले शैक्षिक गुठी सम्वन्धी विधान बनाई गाऊ शिक्षा समितिमा दर्ता गराउनुपर्नेछ ।

ख) शैक्षिक गुठी निजी र सार्वजनिक गरी दुई किसिमले दर्ता गर्न सकिनेछ ।

ग) शैक्षिक गुठीको रुपमा दर्ता गर्न नसकिनेः
   १) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएको विद्यालय
   २) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय

घ) शैक्षिक गुठी सम्वन्धी विधानमा देहायका कुराहरु खुलाएको हुनुपर्नेछ ।
   १) विद्यालयको नाम र ठेगाना
   २) शैक्षिक गुठीका संस्थापकको नाम र ठेगाना
   ३) शैक्षिक गुठीका गुठीयार तथा गुठीयारको मुख्य भई काम गर्ने व्यक्तिको नाम, नियुक्ति प्रक्रिया र कार्यकाल
   ४) गुठियारको काम, कर्तव्य र अधिकार तथा निजहरुले पाउने सुविधा
   ५) शैक्षिक गुठीमा रहेको घर जग्गा, आम्दानी, ऋण तथा अन्य सम्पत्तिको विवरण
   ६) आवश्यक अन्य कुराहरु

ङ)	गुठीयार :

१)	सार्वजनिक शैक्षिक गुठीमा सम्वन्धित विद्यालयका संस्थापक प्रधानाध्यपक र गाऊ शिक्षा समितिले तोकेको व्यक्ति तथा निजी गुठीमा सम्वन्धित विद्यालयको संस्थापक वा निजले तोकेको व्यक्ति पदेन गुठीयार हुनेछ ।

२.	सार्वजनिक शैक्षिक गुठीमा कम्तीमा पाँच जना र निजी शैक्षिक गुठीमा संस्थापकले चाहे बमोजिमका व्यक्ति गुठियार हुनेछन् ।

३.	सार्वजनिक शैक्षिक गुठीको गुठीयारमा गाऊ शिक्षा समितिको प्रतिनिधि, गाऊ सभाका सदस्य र अभिभावकहरु मध्येबाट एक एक जना सदस्य राख्नुपर्नेछ ।

**९.	विद्यालयको कक्षा थप सम्वन्धि व्यवस्था:**

क)	कुनै विद्यालयले कक्षा थप गर्न चाहेमा शैक्षिक शत्र शुरु हुनु भन्दा कम्तीमा दुई महिना अगावै गाऊ शिक्षा समितिमा निवेदन दिनुपर्नेछ । निवेदन परे पश्चात गाऊ शिक्षा समितिले थप हुने कक्षाको लागि अनुसुची १ बमोजिमको पुर्वाधार भए नभएको यकिन गरी पुर्वाधार पुरा गरेको देखिएमा शैक्षिक सत्र हुनु अगावै प्रत्येक वर्ष एक कक्षाका दरले कक्षा थप गर्न अनुमति दिनुसक्नेछ ।

**१०.	शुल्क निर्धारण तथा विद्यालयको श्रेणी वर्गीकरण समिति:**

क)	गाऊपालिका भित्र रहने विद्यालयहरुको लागि शुल्क निर्धारण तथा विद्यालयको श्रेणी वर्गीकरण गर्न एक समिति वन्नेछ । संस्थागत विद्यालयहरुले उल्लेखित समितिले तोके भन्दा बढी शुल्क लिन पाईने छैन ।

| | | | |
|---|---|---|---|
| संयोजक | : गाऊ पालिकाको प्रमुख प्रशासकीय अधिकृत | - | १ जना |
| सदस्य | : अभिभावक संघ वा संयोजकले मनोनित गरेको | - | १ जना |
| सदस्य | : गाऊ कार्यपालिकाको प्रतिनिधि | - | १ जना |
| सदस्य | : संस्थागत विद्यालय संगठनको प्रतिनिधि | - | १ जना |
| सदस्य | : गाऊ शिक्षा समितिबाट मनोनित शिक्षाविद् | - | १ जना |
| सदस्य सचिव | : गाऊ शिक्षा शाखा प्रमुख | - | १ जना |
| पदेन् सदस्य | : सामाजिक विकास समिति संयोजक | - | १ जना |

**ख)	विद्यालयको वर्गिकरण तपशिल बमोजिम हुनेछ ।**

वर्गीकरणको आधारहरु:

१)	**क वर्ग** का लागि चाहिने आधारहरु (अपेक्षित सुविधायुक्त विद्यालय अर्थात ख श्रेणीको विद्यालयको पुर्वाधारमा थप हुनुपर्ने )

क)	सभाकक्ष
ख)	सेवा कक्ष (फोन, फ्याक्स, ईमेल आदी)
ग)	अतिरिक्त क्रियाकलाप कक्ष
घ)	क्याफ्टेरिया
ङ)	एक पटकमा कम्तीमा ५० जना विद्यार्थी वसेर पढ्न सक्ने छुट्टै पुस्तकालय कोठाको व्यवस्था
च)	विद्यालयको पुर्वाधार बाल मैत्री एवं अपांग मैत्री भएको हुनुपर्ने ।

२)	**ख वर्ग** का लागि चाहिने आधारहरु (अपेक्षित सुविधायुक्त विद्यालय अर्थात ग श्रेणीको विद्यालयको पुर्वाधारमा थप हुनुपर्ने)

क)	प्रधानाध्यापक, शिक्षक, कर्मचारी र प्रशासनिक कर्मचारीका लागि छुट्टा छुट्टै कोठाको व्यवस्था
ख)	शिक्षक कर्मचारीको लागि छुट्टै शौचालय
ग)	कुनै दुई प्रकारका दैनिक पत्रिकाहरु सहितको एक पटकमा कम्तीमा ३० जना विद्यार्थी वसेर पढ्न सक्ने छुट्टै पुस्ताकलय कोठाको व्यवस्था
घ)	भलिवल खेल्न मिल्ने खेलमैदानको अतिरिक्त सम्पुर्ण विद्यार्थी एकैसाथ उभिन सक्ने कम्पाउण्डको व्यवस्था
ङ)	छुट्टै विज्ञान प्रयोगशाला कोठाको व्यवस्था

च) विद्यालयमा कम्प्युटर विषय राखेको भए छुट्टै कम्प्युटर कक्षाको व्यवस्था

छ) प्राथमिक कक्षको व्यवस्था

ज) विद्यालयको पुर्वाधार बाल मैत्री एवं अपांग मैत्री भएको हुनुपर्ने ।

३) **<u>ग वर्ग</u>** का लागि चाहिने आधारहरु (अर्थात आधारभुत सुविधायुक्त विद्यालय) को लागि चाहिने पुर्वाधारहरु

क) कक्षा कोठाहरु आधारभुत तहको हकमा प्रति विद्यार्थी ०.७५ वर्गमिटर ।

ख) हावाको राम्रो प्रवाह र यथेष्ट प्रकाश भएका कक्षा कोठाहरु

ग) कक्षा कोठाहरु सामान्यतया नौ फिट उचाईको र घाम तथा पानीबाट बचाउ हुने किसिमको हुनु पर्ने,

घ) कक्षा कोठामा विद्यार्थी संख्याको आधारमा फर्निचरको व्यवस्था हुनु पर्ने ।

ङ) यथेष्ट स्वस्थकर खानेपानीको प्रवन्ध गर्नुपर्ने ।

च) छात्र र छात्राको शौचालय फरक फरक हुनुपर्ने ।

छ) पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका सहितको १ विद्यार्थी बरावर कम्तीमा २ प्रतिका दरले पुस्तक उपलब्ध भएको पुस्तकालय हुनुपर्ने ।

ज) शिक्षण क्रियाकलापको लागि आवश्यकीय शैक्षिक सामग्रीहरु जस्तै कालोपाटी, नक्सा, ग्लोव, गणीतिय सामग्री आदी हुनुपर्ने ।

झ) सम्पुर्ण विद्यार्थी एकै साथ उभिन सक्ने कम्पाउण्ड हुनुपर्ने ।

ञ) घर वाहिरको खेल खेल्न यथेष्ट स्थान भएको खेल मैदान हुनुपर्ने ।

ट) पाठ्यक्रम अनुसारको विज्ञान सामग्रीको व्यवस्था हुनु पर्ने ।

ठ) संस्थागत विद्यालयमा सामान्यतया प्रतिकक्षा न्युनतम बाईस, अधिकतम् चौवालिस र औषत तेत्तिस विद्यार्थी हुनुपर्ने ।

ड) संस्थागत विद्यालयमा कक्षा शिक्षक अनुपात न्युनतम १:१.४ हुनु पर्नेछ ।

ढ) आवासीय विद्यालयको लागि आवास भवन छुट्टै हुनुपर्ने ।

ण) विद्यालयमा प्राथमिक उपचार सामग्रीको व्यवस्था हुनु पर्ने ।

त) विद्यालयको हाता कम्पाउण्डले घेरिएको हुनुपर्ने ।

थ) विद्यालयको पुर्वाधार बाल मैत्री एवं अपांग मैत्री भएको हुनुपर्ने ।

**११. छात्रवृत्तीः**

क) संस्थागत विद्यालयहरुमा कम्पनिको रुपमा सञ्चालीत विद्यालयले सवै कक्षाबाट कम्तीमा १ जना पर्ने गरी कुल विद्यार्थीको १५% का दरले पुर्ण छात्रवृत्ती अनिवार्य दिनुपर्नेछ ।

ख) संस्थागत विद्यालयहरुमा शैक्षिक गुठीको रुपमा सञ्चालीत विद्यालयले सवै कक्षाबाट कम्तीमा १ जना पर्ने गरी कुल विद्यार्थीको १०% का दरले पुर्ण छात्रवृत्ती अनिवार्य दिनुपर्नेछ ।

**१२. सम्पत्तीः**

संस्थागत विद्यालयहरुले आफ्नो चल/अचल सवै सम्पत्ती विद्यालयको नाममा हुनुपर्नेछ ।

**१३. व्यवस्थापन समिति गठनः**

संस्थागत विद्यालयको एक व्यवस्थापन समिति हुनेछ ।

**१४. प्रगती विवरणः**

क) संस्थागत विद्यालयहरुले आफ्नो सवै किसिमको विवरणहरु तोकिएको अवधि भित्रमा गाऊ शिक्षा शाखामा पेश गरिसक्नुपर्नेछ ।

- सामाजिक लेखा परिक्षण:
  शैक्षिक शत्र सकेको ३ महिना भित्रमा गाऊ शिक्षा शाखामा पेश गरिसक्नुपर्नेछ ।
- लेखा परिक्षण:
  आर्थीक वर्ष सकेको ६ महिना भित्रमा गाऊ शिक्षा शाखामा पेश गरिसक्नुपर्नेछ ।
- प्रगती विवरण:
  शैक्षिक शत्र सकेको १५ दिन भित्रमा गाऊ शिक्षा शाखामा पेश गरिसक्नुपर्नेछ ।

**१५. खारेजी तथा विघटनः**

कुनै संस्थागत विद्यालयले तोकिएको म्याद भित्र गाऊ शिक्षा समितिमा पेश गर्नुपर्ने विवरणहरु पेश नगरेमा वा यो कार्यविधिले तोकेको मापदण्ड पुरा नगरेको पाईएमा गाऊ शिक्षा समितिको सिफारिशमा गाऊ पालिका अध्यक्षबाट सो विद्यालयको अनुमति वा स्वीकृति रद्द गर्नेछ ।

तर त्यसरी रद्द गर्नु पुर्व सम्वन्धित विद्यालयलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

## अनुसुची - १
## (नियम १ संग सम्वन्धित)

विद्यालय खोल्ने अनुमतिको लागि दिईने निवेदन

श्रीमान अध्यक्ष ज्यु,
गाऊ शिक्षा समिति
पञ्चकन्या गाऊपालिकाको कार्यालय
लाकुरी भञ्ज्याङ्ग, पञ्चकन्या, नुवाकोट ।

**<u>विषयः विद्यालय खोल्ने अनुमति सम्वन्धमा ।</u>**

महोदय,
शैक्षिक सत्र ............. देखि ............ तहको विद्यालय खोल्न चाहेकोले अनुमतिको लागि देहायका विवरणहरु खुलाई यो निवेदन गरेको छु ।

क) प्रस्तावित विद्यालयकोः
- १ नामः
- २ ठेगानाः पञ्चकन्या गाऊपालिका ..........नं. वडा....................... टोल/गाऊ
  फोनः ईमेल
- ३. किसिमः
  अ) कम्पनि ...................... आ) शैक्षिक गुठी ....................
- ४. अनुमति लिन चाहेको तह र सञ्चालन गर्न चाहेको कक्षा :
- ५. भविष्यमा सञ्चालन गर्न चाहेको तह र कक्षा :

ख) प्रस्तावित विद्यालयको लागि पुरा गरिएको भौतिक पुर्वाधारः
- संख्याः .......... * प्रकृतिः कच्ची/पक्की/अर्धपक्की
- स्वमित्वः आफ्नै/बहालमा/सार्वजनिक

२. कोठाको विवरण

| कोठाको संख्या | लम्वाई | चैाडाई | उचाई | झ्याल ढोकाको अवस्था | प्रकाश र वत्तिको अवस्था | प्रयोजन | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

३. फर्निचरको संख्याः
क) डेस्कः ...... ख) वेञ्चः ........ ग) टेवलः ...... घ) दराजः ...... ङ) मेचः ..... च) अन्यः ........

४. खेलकुद मैदानको अवस्था र जग्गा : रोपनीमा

५. शौचालयको संख्याः क) छात्रले प्रयोग गर्नेः .......... ख) छात्राले प्रयोग गर्नेः ................

६. खानेपानीको व्यवस्थाः ..................

७. पुस्ताकलयको अवस्था तथा पुस्तकको संख्याः ...........

८. प्रयोगशालाः ..............

९. सवारी साधनको विवरणः ............

१०. शैक्षिक सामग्रीको विवरणः .........

ग) विद्यार्थी संख्याः (प्रस्तावित)

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| कक्षा | | | | | | | |
| संख्या | | | | | | | |

घ) शिक्षक संख्याः (प्रस्तावित)

ङ) आर्थिक विवरणः (प्रस्तावित)
- १. अचल सम्पत्तिः
- २. चल सम्पत्तिः

३. वार्षिक आम्दानी:
४. आम्दानीको श्रोत:

माथि लेखिएका विवरणहरु ठीक साँचो छ, झुठा ठहरे कानुन बमोजिम सँहुला बुझाउँला ।

निवेदकको:
सहि:
नाम:
ठेगाना:
मिति:

**<u>संलग्न गर्नुपर्ने कागजातहरुः</u>**

१) शैक्षिक गुठीको विधान वा कम्पनिको प्रवन्धपत्र तथा नियमावलीको प्रतिलिपी
२) जग्गा वा भवन भाडामा लिने भए कम्तीमा पाँच वर्षसम्मको लागि घर वा जग्गाधनीले बहालमा लिने सम्वन्धमा भएको कवुलियतनामा सम्वन्धी पत्र
३) विद्‌यालयको नाममा जग्गा वा भवन भए सोको प्रमाण पुग्ने कागजात
४) प्रस्तावित विद्यालयको क्षेत्रको शैक्षिक नक्सा
५) नजिकको कम्तीमा २ (दुई) सामुदायिक विद्यालयको सहमतीपत्र
६) सम्वन्धीत वडाको सिफारिस

अनुसुची -

विद्यालय सञ्चालन गर्न दिईने अनुमति

श्री ............................
.................................

तपाईले विद्यालय खोल्ने सम्वन्धमा मिति .................................मा दिनु भएको निवेदन उपर कारवाही हुंदा संस्थागत विद्यालय सञ्चालन तथा व्यवस्थित गर्न वनेको कार्यविधि-२०७५ को नियम .... बमोजिमको पुर्वाधार पुरा गरेको देखिएकोले शैक्षिक सत्र ........... देखि कक्षा........ देखि ......... सम्मको विद्यालय सञ्चालन गर्न यो अनुमति दिईएको छ ।

कार्यालयको छापः

अनुमति प्रदान गर्ने अधिकारीको
सहिः
नामः
पदः
मितिः